NEWS
RELEASE

UNITED NATIONS
HUMAN RIGHTS
SPECIAL PROCEDURES
SPECIAL RAPPORTEURS, INDEPENDENT EXPERTS & WORKING GROUPS

# नेपालले अब सामाजिक न्यायको प्रतिबद्धता पूरा गर्नुपर्छ – संयुक्त राष्ट्र संघीय मानवअधिकार विशेषज्ञ

काठमांडौ (मंसिर २३, २०७८) – संयुक्त राष्ट्रसंघीय मानवअधिकार विशेषज्ञ, ओलिभर डि शटरले आज आफ्नो ११ दिने नेपाल भ्रमण पूरा गर्दै ,नेपालको संविधान विश्वकै सबैभन्दा प्रगतीशील संविधान मध्येको एक हो तर यसका प्रतिबद्धताहरू पूरा गर्न अझै बाँकी नै छ" बताएका छन् ।

नेपालले सन् २०१४ देखि २०१९ सम्ममा १२.७ प्रतिशतले बहुआयमिक गरिबी घटाउन सफल भएको छ र मानव विकास सूचकांकका साथै स्वास्थ्य र शिक्षा सम्बन्धि सूचकहरूमा सुधार आएको छ। तर अझै पनि कमीहरू उल्लेख्य रूपमा कायमै छन्' संयुक्त राष्ट्रसंघीय विशेषज्ञले भनेका छन् ।

"महिलाहरू अझै पनि केही सूचकहरूमा पछाडी छन्। जात र जातीयतामा आधारित विभेदलाई निषेधित गरिएको भएपनि यो विभेद सामाजिक जीवनको वास्तविकताको रूपमा कायमै छ र गरिबीलाई स्थीर बनाई राख्ने एक प्रमुख कारक हो। पूर्व कमैयाहरूको पुनर्स्थापनालाई तीव्रता दिने र भूमीहीनदलितहरूका लागि भूमि पुनर्वितरण गर्ने कुरा सुनिश्चित गराउने प्रयासहरूका बाबजुद भूमिसम्बन्धी समस्याहरू समाधान हुन सकेको छैन"।

गरिबी न्यूनीकरणका लागि सरकारको प्रयास सक्रिय गरिबी विरोधी नीतिभन्दा रेमिट्यान्समा बढी केन्द्रित छ', डि शटरले भने।" गरिबीमा आएको एक चौथाई कमीको श्रेय वैदेशिक रोजगारीलाई मात्र जान्छ र रेमिट्यान्स नहुँदा नेपालमा गरिबी बढ्ने अनुमानहरूले देखाएको छ'', उनले भने। सन् २०१७ मा मात्रै नेपालको रेमिट्यान्स वैदेशिक सहायताभन्दा १० गुणा र कुल निर्यातभन्दा २.५ गुणा बढी थियो। "सरकारले सन् २०२३–२०२४ सम्ममा बहुआयामिक गरिबीलाई ११.५ प्रतिशतमा झार्ने आफ्नो लक्ष्य पूरा गर्न अझै धेरै काम गर्नुपर्ने कुरा स्पष्ट छ-"विज्ञले भने ।

"सरकारले आफ्ना सीप र तालिम कार्यक्रम अति विपन्न परिवारसम्म पुग्ने कुरासुनिश्चित गर्नुपर्दछ । प्रधानमन्त्रीको रोजगार कार्यक्रम जस्ता सार्वजनिक सेवाका कार्यक्रमहरूको उल्लेख्य सम्भावना रहेको भएतापनि व्यवहारमा भने कार्यक्रमले प्रतिव्यक्ति प्रति वर्ष १०० दिनको काम दिने वाचा भने पूरा गर्न सकेको छैन ।

"देशमा 80 प्रतिशत कामदारहरू अनौपचारिक क्षेत्रसंग सम्बन्धित छन् जसले गर्दा उनीहरू दुर्व्यवहारको उच्च जोखिममा परेका छन् किनभने सरकारसँग अनौपचरिक क्षेत्रमा न्यूनतम पारिश्रमिक सम्बन्धि कानून लागू गर्ने क्षमताको अभाव छ। अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूले पनि सामाजिक सुरक्षा कोषमा योगदान दिनुपर्ने र लाभान्वित हुनुपर्ने भएता पनि उनीहरूलाई त्यस्तो कार्यक्रममा समावेश गर्ने कुनै योजना छैन''

संयुक्त राष्ट्रसंघीय महासभाले नेपाल लगायत बाङ्गलादेश र लाओ पिपल्स डिमोक्र्याटिक रिपब्लिकलाई अति कम विकसित राष्ट्रबाट उदीयमान अर्थव्यवस्था भएको राष्ट्रको उपाधिका लागि तयारी गर्न आह्वान गर्दै गरेको प्रस्ताव परित गरिएको केही सप्ताहमै डि शटरले मंसिर १३, २०७८ देखि तथ्य अन्वेषण भ्रमण थाल्नु भएको हो।पाँच वर्षको सङ्क्रमणको अवधिपछि मुलुक लाभान्वित हुनेछ । "अति कम विकसित राष्ट्रबाट माथि उठ्नु नेपालको लागि ठूलो कोसेढुङ्गा हो" डि शटरले भने।"कुनै पनि समूह पछि नपरेको कुरासुनिश्चित गर्न गरिबी न्यूनीकरण देशको संक्रमणकालीन रणनीतिको केन्द्रबिन्दु हुनैपर्छ।"

संयुक्त राष्ट्र संघीय विज्ञले विभिन्न किसिमका पारस्परिक वञ्चितिमा परेका समुदायहरूसँग भेटे।ती मध्ये अधिकांश कृषि वा अनौपचारिक क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने भूमीहीन श्रमिकहरू थिए र आफ्ना छोराछोरीलाई विद्यालय पठाउन संघर्ष गरिरहेका थिए। धेरैजसो दलित, मधेसी, आदिवासी जनजाति र महिलालगायतका ऐतिहासिक रूपमा पिछडिएका र विभेदमा पारिएका समूहका सदस्यहरू थिए। "नेपाली जातीय व्यवस्थासंग गहिरो रूपमा गाँसिएका मूल्य र मान्यता कारण उत्पन्न गहिरो असमानताले आज पनि गरिबीलाई निरन्तरता दिइरहेको छ," डि शटरले बताउनु भयो।

महिलाहरूले पुरुषको तुलनामा झन्डै ३० प्रतिशत कम आम्दानी गर्ने, अनौपचारिक क्षेत्रमा काम गर्दाको विभेदको उच्च दरबाट पीडित हुनुका साथै घर र जग्गा गरी जम्मा १९.७ प्रतिशत मात्र स्वामित्व कायम राखेको र पुरूषको तुलनामा १७.५ प्रतिशतले साक्षरता कम

भएको लगायतका ऐतिहासिक पितृसत्तात्मक सामाजिक व्यवस्थाको आघात खेप्नु परेको कुरा गरिबी सम्बन्धि राष्ट्र संघीय विज्ञले उल्लेख गरेका छन् ।

बालबालिकाहरूले आफ्नो परिवारले सामना गर्ने गरिबीका कारण सबैभन्दा चरम प्रकारको अभावको अनुभव गर्छन्, उनले बताए। नेपालमा लगभग १० लाखभन्दा बढी बालबालिकाहरूले काम गर्ने गरेका छन् र ग्रामीण क्षेत्रमा भने सबको पाँचौ भागभन्दा बढी बालबालिकाले श्रम गर्दछन् ।

" मेरो भ्रमणको क्रममा मैले कैयौं परिवारहरू भेटे जसका बालबालिका, विशेष गरी, किशोरीहरू कृषि वा घरेलु काममा लगाईएका थिए।,' डि शटरले बतए। "सम्पत्ति सम्बन्धि असमानता एक प्रमुख कारक हो: गरिबीमा रहेका २०% बालबालिकाहरुले काम गर्दछन् भने सम्पन्न परिवारका तुलनात्मक रूपमा ५% बालबालिकाले मात्र काम गरेको पाईएको छ।

"सरकारले बाल गरिबीलाई गम्भीरतापूर्वक लिनुपर्दछ र बालविवाह र श्रम अन्त्य गर्न र शिक्षाको गुणस्तर र पहुँचमा सुधार गर्न आवश्यक कदम चाल्नुपर्छ," उनले थपे ।

आफ्नो भ्रमणको क्रममा, विशेष समाधिक्षकले बागमति, कर्णाली, लुम्बिनी प्रदेश लगायत प्रदेश २ को भ्रमण गरेका छन् । उनले ९ मन्त्रालयहरूका साथै ६ मन्त्रीहरू र स्थानीय तथा प्रादेशिक अधिकारीहरू, गरिबी प्रभावित व्यक्तिहरू, नागरिक समाजका संघसंस्था तथा विकास साझेदार र राष्ट्र संघीय निकायहरूसंग समेत भेटघाट गरेका छन् ।

समाप्त

**विशेष समधिक्षकको नेपाल भ्रमणका तस्वीरहरू पत्रकारको प्रयोजनका लागि** https://bit.ly/3dumvJJ **मा उपलब्ध छ।**

***श्री ओलिभर*** *डि शटरले राष्ट्र संघीय मानवअधिकार परिषद मार्फत चरम गरिबी तथा मानवअधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय विशेष समधिक्षक का रूपमा आफनो कार्यभार मे २०२० देखी शुरू मुर्ं भएको हो। विशेष समाधिक्षकको रूपमा वहां मानवअधिकार*

*परिषदको विशे ष प्रक्रियाहरू संग सम्बन्धित हुनु हुन्छ। विशे ष प्रक्रियाहरू संयुक्त राृष्टसंघीय मानवअधिकार प्रणालीको सबै भन्दा ठुलोनिकाय हो जुन मानवअधिकार परिषदद्वारा स्थापना गरिएको तथ्य खोजी तथा अनुगमन गर्ने स्वतन्त्र संयन्त्र हो जसले विश्वभरी नै कुनै राषट्र विशेषको वा विषयगत मुद्दाहरूको सम्बोधन गर्ने काम गर्दछ। विशेष प्रक्रियाका विशेषज्ञहरू संयुक्त राृष्टसंघका कर्मचारी हैनन् रउनीहरूले स्वतःस्फुर्त रूपमा काम गर्दछन; यसरी काम गरे बापत उनलाई कुनै पनि पारिश्रमिक प्रदान गरिंदैन। उनीहरू कुनै पनि सरकार वा संस्थाका लागि काम गर्दैनन् र आफ्नो व्यक्तिगत हैसियतमा काम गर्दछन् ।*

*कृपया मिडियाको प्रश्न र थप जाकीका लागि सिम्रिका शर्मा (+९७७ ९८४१५९२६९२- [simrika.sharma@one.un.org](mailto:simrika.sharma@one.un.org) र इसाबेल डेलफर्ज (+३२४९८५२२१६३ [isabelle.delforge@srpoverty.org](mailto:isabelle.delforge@srpoverty.org) वा [media@srpoverty.org](mailto:media@srpoverty.org) मा सम्पर्क गर्नुहोस् ।)*

*अन्य राष्ट्र संघीय विज्ञहरू संग सम्बन्धित जानकारीका लागि रेनातो डि सुजा (renato.rosariodesouza@un.org) वा जेरेमि लरेन्स (+ ४१७९४४४७५७८ / [jeremy.laurence@un.org](mailto:jeremy.laurence@un.org)) लाई सम्पर्क गर्नुहोस् ।*

*संयुक्त राृष्टसंघीय स्वतन्त्र मानवअधिकार विज्ञहरू संग सम्बन्धित समाचारका लागि ट्विटरमा @UN_SPExperts लाई फलो गर्नुहोस् ।*

*विशेष समधिक्षकलाई सामाजिक संजलामा [@DeSchutterO](https://twitter.com/DeSchutterO) र [@srpoverty मा फलो गर्नुहोस् ।](https://twitter.com/srpoverty)*

*हामी बाँच्ने विश्वका बारेमा चिन्तित हुनुहुन्छ? त्यसो हो भने, आज कसैको अधिकारका लागि उठ्नुहोस्.। #मानवअधिकारकालागिउठ्नुहोस्*

*र [http://www.standup4humanrights.org](http://www.standup4humanrights.org) हेर्नुहोस् ।*